## रंगेली नगरपालिका

१ नं. प्रदेश, मोरङ

# रंगेली नगरपालिकाको राजपत्र

## रंगेली नगरपालिकाबाट प्रकाशित

खण्ड : ५ संख्या : २ मिति : २०७८/०७/१०

**भाग-२**

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# “उपप्रमुख गर्भवती सुत्केरी पोषण कार्यक्रम संचालन कार्यविधी २०७८”

## प्रस्तावनाः

गर्भवती महिला तथा स्तनपान गराईरहेकी आमाहरुलाई पोषण यूक्त आहार र विशेष हेरचाहको आवश्यकता पर्दछ।यी आवश्यकता पुरा गर्न नसकिएमा उनीहरुको वृद्धि विकास तथा स्वास्थ्यमा गम्भीर तथा दिर्घकालिन असरहरु देखा पर्दछन। यसबाट शारिरीक क्षमतामा कमी आउने, विरामी पर्ने सम्भावना बढी हुने र बौद्धिक बिकासमा ह्रास आउने जस्ता नकरात्मक प्रभावहरु जीवनभर रहिरहने भएकाले गर्भवती तथा सुत्केरी आमाहरुलाई पौष्टिक आहार वितरण गर्ने तथा आमाहरुको शारिरीक, मानसिक, वौद्धिक विकासमा सुधार ल्याउने र समाजमा रहेको गरिवी तथा अन्धविश्वास समेत निराकरण गर्नका लागि बान्छनिय भएकोले रंगेली नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) बमोजिम रंगेली नगर कार्यपालिकाले उपप्रमुखसँग गर्भवती सुत्केरी पोषण कार्यक्रम संचालन कार्यविधी-२०७८ बनाएको छ।

## परिच्छेद १: परिभाषा

### १.१ नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम “उपप्रमुख गर्भवती सुत्केरी पोषण कार्यक्रम संचालन कार्यविधि,२०७८ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**१.२ परिभाषाः** बिषय वा प्रसङ्गले आको अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ।

(ख) “उपप्रमुख” भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ।

(ग) “कार्यपालिका” भन्नाले रंगेली नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(घ)“नगरपालिका” भन्नाले रंगेली नगरापालिकालाई सम्झनुपर्दछ।

(ङ)“गर्भवती” भन्नाले नगरपालिका भित्रका स्वास्थ्य संस्थामा गर्भ जाँच गरेको महिलालाई सम्झनु पर्दछ।

(च)“सुत्केरी” भन्नाले नगरपालिका भित्रका बच्चा पाएको ४५ दिनसम्मका महिलालाई सम्झनु पर्दछ।

(छ) “पोषण” भन्नाले गर्भवती तथा सुत्केरी महिला हरुलाई उपलब्ध गराईने पौष्टिक आहार तथा हेरचाहलाई सम्झनु पर्दछ।

(ज) “पौष्टिक आहार” भन्नाले सुक्ष्म पोषक तत्वहरुको मिश्रण गरि बनाइएको तयारी अवस्था रहेको प्याकेजिङ्ग लाई सम्झनु पर्दछ।

(झ) “आमा” भन्नाले गर्भवती सुत्केरी भएका ४५ दिन सम्मका महिलालाई सम्झनु पर्दछ।

## परिच्छेद २: उद्देश्य र पोषणको व्यवस्था

२.१ <u>उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

२.१.१ गर्भवती तथा सुत्केरी महिलाहरुको पोषण स्थितिमा सुधार ल्याउन र गलत सामाजिक व्यवहारहरु अन्त्य गर्दै बाधाहरु हटाउन।

२.१.२ आमा तथा अभिभावक हरुलाई पोषण सेवाको जानकारी गराई सेवा लिन अभिप्रेरित गर्ने ।

२.१.३ गरिव, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित बर्गको महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्ने।

२.१.४ स्वास्थ्य सेवाको उपयोगितामा वृद्धि गर्ने र संस्थागत सुत्केरी सेवामा वृद्धि गर्ने।

२.१.५लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानिय सरकारले जिम्मेवारी तथा अपनत्व बहन गरेको अनुभुती दिलाउने।

## २.२ पोषणको व्यवस्थाः

२.२.१ यस उपप्रमुख गर्भवती सुत्केरी पोषण कार्यक्रम अन्तर्गत पोषण प्राप्त गर्ने गर्भवती तथा सुत्केरी महिकाहरुलाई कार्यपालिकाको निर्णय बमोजिम पोषण सुविधा प्रदान गरिनेछ।

२.२.२ उपदफा २.२.१ बमोजिमको सुविधा प्राप्त गर्न तपसिल बमोजिमको प्रकृया पुरा गरेको हुनुपर्नेछ।

१. नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा गर्भवती सुत्केरी जाँच गरेको हुनु पर्नेछ।

२. सेवाग्राही रंगेली नगरपालिकाको स्थायी वा अस्थायी वासिन्दा हुनु पर्नेछ।

## २.३ पोषण सेवा सम्बन्धि अन्य व्यवस्थाः

२.३.१ गर्भवती महिला पहिलो पटक जाँच गराउन आउदा गर्भवती महिलालाई दैनिक १०० ग्रामका दरले ३० दिन पुग्ने पौष्टिक आहारको प्याकेज सहित १ सुपानेट झुल प्रदान गरिनेछ। साथै उक्त गर्भवती महिलाको गर्भ अवधिभर पौष्टिक आहारको प्याकेज प्रदान गरिनेछ।

२.३.१ सुत्केरी भएकी महिलालाई दैनिक १०० ग्रामका दरले ४५ दिन पुग्ने पौष्टिक आहार सहित १ सुपानेट झुल प्रदान गरिनेछ तर गर्भवती अवस्थामा झुल प्राप्त गरेको लाई सुत्केरी अवस्थामा पुनः प्रदान गरिने छैन।

३. पोषण सेवा प्रवाह सरकारी स्वास्थ्य संस्थाबाट नियमित रुपमा गरिनेछ।

४. सम्बन्धित स्वास्थ्य संस्थाले मासिक रुपमा वितरण गरेको सामाग्रीहरुको प्रगति प्रतिवेदन नगरपालिकामा पठाउनु पर्नेछ।

## परिच्छेदः३ विविध

४.१ स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयमंसेविकाहरुलाई नगरपालिकाले तालिम तथा अभिमुखिकरण दिनु पर्नेछ।

४.२ यस कार्यविधिको कार्यान्वयनको रुपमा कुनै वाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

४.३ कार्यपालिकाको वैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

४.४ यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रकृयाहरु स्थानिय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

आज्ञाले
नवराज कार्की
प्रमुख प्रशासकीय अधिकृत